**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रु. १५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क १८९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ साउन ८ गते शुक्रबार ❑ 24 July 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## पोखराबाट अन्तर्राष्ट्रिय उडान विस्तारमा सरकारको ठोस कदम

पोखरापत्र संवाददाता
पोखरा, ७ साउन

नेपाल सरकारले पोखरा र गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट सञ्चालन हुने नियमित अन्तर्राष्ट्रिय हवाई उडानलाई प्रोत्साहन गर्न प्रदान गर्दै आएको सहुलियतलाई थप दुई वर्ष निरन्तरता दिने निर्णय गरेको छ।

मन्त्रिपरिषद्को बुधबार बसेको बैठकले २०८५ साल भदौ मसान्तसम्मका लागि यी दुई विमानस्थलबाट हुने नियमित अन्तर्राष्ट्रिय उडानमा पार्किङ, ल्यान्डिङ तथा नेभिगेसन शुल्क शतप्रतिशत छुट दिने तथा ग्राउन्ड ह्यान्डलिङ शुल्कमा ५० प्रतिशत छुट दिने निर्णय गरेको हो।



सरकारको यो निर्णयसँगै आगामी असोज ७ गतेदेखि पोखरा-दुबई सिधा उडान सुरु गर्न लागेको फ्लाई दुबईको अभियानलाई थप सहज र प्रभावकारी बनाउने अपेक्षा गरिएको छ। लामो समयदेखि नियमित अन्तर्राष्ट्रिय उडानको प्रतीक्षामा रहेको पोखरा अन्तर ाष्ट्रिय विमानस्थलका लागि यो निर्णयलाई महत्वपूर्ण उपलब्धिका रूपमा हेरिएको छ। पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले सरकारको निर्णयप्रति हार्दिक धन्यवाद व्यक्त गर्दै यसले पोखरा-दुबईसहित अन्य अन्तर ाष्ट्रिय गन्तव्यमा नियमित उडान विस्तार गर्न तथा नयाँ अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीहरूलाई नेपाल भित्र्याउन सहज वातावरण सिर्जना गर्ने विश्वास व्यक्त गर्नुभयो। उहाँले लामो समयदेखि गरिएको पहल र समन्वयपछि आएको यो निर्णय पर्यटन प्रवर्द्धन, हवाई पहुँच विस्तार तथा समग्र आर्थिक गतिविधिका लागि महत्वपूर्ण उपलब्धि भएको उल्लेख गर्नुभयो। यसैगरी, नेपाल पर्यटन बोर्डका कार्यकारी सदस्य सन्तोष पोखरेलले पोखरा र गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा अन्तर ाष्ट्रिय वायुसेवा सञ्चालनलाई प्रोत्साहन गर्ने सरकारको निर्णय अत्यन्त सकारात्मक र स्वागतयोग्य भएको बताउनुभयो। उहाँले यसबाट अन्तर्राष्ट्रिय हवाई सम्पर्क विस्तार, नयाँ गन्तव्य तथा वायुसेवा आकर्षित गर्न र नेपालको पर्यटन प्रवर्द्धनमा उल्लेखनीय योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो। पोखरा पर्यटन परिषद्का पूर्व अध्यक्ष पोमनारायण श्रेष्ठले सरकारले दिएको शुल्क छुटको निर्णयले आगामी असोज ७ गतेदेखि सुरु हुन लागेको फ्लाई दुबईको पोखरा-दुबई सिधा उडान अभियानलाई सफल बनाउन महत्वपूर्ण सहयोग पुग्ने बताउनुभयो। लामो समयदेखि पोखराबाट नियमित अन्तर्राष्ट्रिय उडान हुन नसकेको अवस्थामा यो निर्णयले पोखरा क्षेत्रका पर्यटन व्यवसायीमा नयाँ उत्साह थपिएको उहाँको भनाइ छ। फ्लाई दुबईले आगामी असोज ७ गतेदेखि पोखरा-दुबई सिधा उडान सेवा सञ्चालन गर्दैछ। दुबई विश्वकै प्रमुख अन्तर्राष्ट्रिय ट्रान्जिट हब भएकाले यो उडान सुरु भएपछि पोखराबाट युरोप, अमेरिका तथा अन्य अन्तर्राष्ट्रिय गन्तव्यमा यात्रा गर्ने यात्रुहरूलाई सहज पहुँच मिल्ने, यात्राको समय छोटिने र खर्चसमेत कम हुने अपेक्षा गरिएको छ।

सरकारले चालु आर्थिक वर्षको नीति तथा कार्यक्रममा पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा अन्तर्राष्ट्रिय वायुसेवा प्रदायक आकर्षित गर्न कूटनीतिक पहल गर्ने घोषणा गरेको थियो। सोही योजनाअनुरूप फ्लाई दुबईले नियमित उडान अनुमति पाएसँगै सरकारको पछिल्लो शुल्क छुटको निर्णयले पोखरा र गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको उपयोग बढाउने तथा पर्यटन र आर्थिक गतिविधिलाई नयाँ गति दिने विश्वास गरिएको छ।

## रिटर्न टु भिलेज' सहित कृषि मैत्री बजेट ल्याएको कृषि मन्त्री कार्कीको दाबी

पोखरापत्र संवाददाता
पोखरा, ७ साउन

गण्डकी प्रदेशका कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्री भिमबहादुर कार्कीले पदभार सम्हालेको एक सय दिन पूरा भएको अवसरमा मन्त्रालयले गरेका प्रमुख उपलब्धि सार्वजनिक गर्नु भएको छ।

बिहीबार मन्त्रालयमा आयोजित पत्रकार भेटघाट कार्यक्रममा मन्त्री कार्कीले कृषि क्षेत्रमा उत्पादन वृद्धि, बजारीकरण, किसान संरक्षण तथा सहकारी सुधारलाई केन्द्रमा राखेर विभिन्न नयाँ कार्यक्रम अघि बढाइएको बताउनु भएको हो।

मन्त्री कार्कीले आफूले पदभार ग्रहण गर्दा चालु आर्थिक वर्ष २०८३/८४ को बजेट निर्माण प्रक्रिया सुरु भइसकेको र कार्यान्वयनको व्यस्त चरणमा मन्त्रालयको जिम्मेवारी सम्हाल्नुपरेको उल्लेख गर्दै छोटो अवधिमै नीति निर्माण, कार्यक्रम कार्यान्वयन र संस्थागत सुधारमा उल्लेखनीय प्रगति हासिल भएको दाबी गर्नुभयो। युवालाई गाउँ फर्काएर कृषि उद्यममा आकर्षित गर्न 'रिटर्न टु भिलेज' कार्यक्रमका लागि २ करोड रुपैयाँ विनियोजन गरिएको छ भने कृषि उपजको सहज बजारीकरणका लागि स्थानीय तहसँगको सहकार्यमा कृषि एम्बुलेन्स सेवा सञ्चालन गर्न १ करोड रुपैयाँ बजेट व्यवस्था गरिएको उहाँले दाबी गर्नुभयो। रासायनिक मलको अभाव न्यूनीकरण गर्न संघीय सरकारसँग समन्वय गरी बफर स्टकबाट मल उपलब्ध गराइएको तथा जैविक कृषि प्रवर्द्धनका लागि २ करोड ६० लाख रुपैयाँ बजेट विनियोजन गरिएको मन्त्री कार्कीले बताउनुभयो। प्राकृतिक विपद्‌बाट प्रभावित कास्कीका ८७० कृषकलाई १९ लाख रुपैयाँ राहत वितरण गरिएको र चालु वर्ष राहत तथा पुनर्स्थापनाका लागि १ करोड ५१ लाख ८० हजार रुपैयाँ छुट्याइएको उहाँले जनाउनु भयो। किसानलाई उत्पादनको उचित मूल्य सुनिश्चित गर्न चैते धानमा पाइलट रूपमा न्यूनतम समर्थन मूल्य कार्यक्रम सुरु गरिएको छ भने सार्वजनिक-निजी-सामुदायिक साझेदारी (एएए) मार्फत व्यावसायिक कृषि तथा पशुपन्छी उत्पादन विस्तारका लागि २ करोड ५० लाख रुपैयाँ विनियोजन गरिएको छ। त्यसैगरी कृषि, पशुपन्छी तथा मत्स्य बिमा प्रिमियम अनुदानका लागि १३ करोड ९० लाख ५० हजार रुपैयाँ बजेट छुट्याइएको छ। प्रदेश उत्कृष्ट कृषक पुरस्कार संशोधन गरी एक जना सर्वोत्कृष्ट कृषकलाई ५० हजार रुपैयाँ र पाँच जना उत्कृष्ट कृषकलाई जनही ३२ हजार रुपैयाँसहित सम्मान गरिएको मन्त्री कार्कीले जनाउनु भयो। मन्त्रालयले प्रदेशस्तरबाटै जीवनाशक विषादी विक्रेता अनुमतिपत्र वितरण तथा नवीकरणको व्यवस्था सुरु गरेको छ। प्रशासनिक सुधारअन्तर्गत पेपरलेस प्रणाली लागू गर्दै एकीकृत कार्यालय व्यवस्थापन प्रणाली मार्फत अनलाइन पत्र दर्ता र कर्मचारी विवरण व्यवस्थापन सुरु गरिएको पनि मन्त्री कार्कीले जनाउनु भया। कृषि क्षेत्रलाई प्रविधिमैत्री बनाउन कृषि एप निर्माणका लागि १० लाख रुपैयाँ विनियोजन गरिएको छ। एपमार्फत मौसम सूचना, कृषि परामर्श, रोग-कीरा व्यवस्थापन, बजार मूल्य, सरकारी अनुदान तथा डिजिटल सेवा उपलब्ध गराइने जनाइएको छ।

पशु स्वास्थ्यतर्फ प्रदेशका ८५ वटै स्थानीय तहमा करिब १९ लाख डोज खोप लगाइएको तथा व्यवसायिक कृषकको घरमै पुगेर बाँझोपन उपचार सेवा सञ्चालन गरिएको उहाँले जनाउनु भयो। दूध उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम अन्तर्गत ८६ दुग्ध सहकारीमा आबद्ध ११ हजार २३२ कृषकलाई ५ करोड ५८ लाख रुपैयाँ अनुदान उपलब्ध गराइएको मन्त्रालयले जनाएको छ। फलफूल विकास कार्यक्रमका लागि ३५ करोड ३४ लाख रुपैयाँ, खाद्यान्न बाली प्रवर्द्धनका लागि ५ करोड ५८ लाख रुपैयाँ तथा प्रशोधनयोग्य आलु उत्पादनका लागि ५ करोड ४२ लाख रुपैयाँ बजेट विनियोजन गरिएको मन्त्रालयले जनाएको छ। सहकारी क्षेत्रतर्फ प्राप्त १७ वटा उजुरी कानुनबमोजिम मिलापत्र गराइएको, विशेषज्ञमार्फत सहकारी संस्थाको छानबिन गरी सुधारका लागि कार्ययोजना

बाँकी अन्तिम पृष्ठमा ▶▶

## गण्डकीका दुई मन्त्रालयको वार्षिक प्रगति समीक्षा

पोखरापत्र संवाददाता
पोखरा, ७ साउन

गण्डकी प्रदेश सरकारको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय र ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयले गत आवको प्रगति समीक्षासँगै चालु आवको कार्ययोजना तयारीलाई अगाडि बढाएका छन्।

बिहीबार पोखरामा आयोजित दुवै मन्त्रालयको वार्षिक समीक्षा कार्यक्रममा मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले समयमा योजना कार्यान्वयन गरी पुँजीगत खर्चको प्रभावकारिता बढाउनुपर्नेमा जोड दिनुभयो। उहाँले पूर्वाधार निर्माणको गुणस्तरमा पनि ध्यान दिन मन्त्रालय र सम्बद्ध निकायलाई आग्रह गर्नुभयो। गत आवमा 'जेनजी' आन्दोलन, निर्वाचनलगायत कारणले अपेक्षाअनुसार बजेट खर्च हुन नसकेको जनाउँदै मुख्यमन्त्री पाण्डेले योजना कार्यान्वयनमा गुणस्तर र प्रभावकारितालाई ख्याल गर्नुपर्ने बताउनुभयो। प्रदेश सरकारको राजश्व सङ्कलनमा सुधार आएकाले बजेट अभावका कारण विकास निर्माण प्रभावित नहुने उहाँको भनाइ छ।

यातायात क्षेत्रको सेवा प्रवाह, व्यवस्थापन, सुशासन र राजस्व सङ्कलनलाई थप प्रभावकारी बनाउँदै नागरिकमैत्री सेवा विस्तार गर्न प्रदेश सरकारले विशेष ध्यान दिइएको मुख्यमन्त्रीले पाण्डेले बताउनुभयो। विकासको गति, गुणस्तर र सुशासनप्रति प्रदेश सरकार पूर्ण रूपमा प्रतिबद्ध रहेको उहाँको भनाइ छ। खानेपानी र सिँचाइ नागरिकको दैनिक जीवनसँग प्रत्यक्ष जोडिएको विषय भएकाले यस क्षेत्रमा परिणाममुखी ढङ्गले काम गर्नुपर्नेमा उहाँले जोड दिनुभयो। 'एक घर, एक धारा' कार्यक्रमलाई लक्ष्यमा पुर्याउन प्रदेश सरकार लागिपरेको मुख्यमन्त्री पाण्डेले बताउनुभयो। कार्यक्रममा दुवै मन्त्रालयले गत आवमा हासिल गरेका उपलब्धिको समीक्षासहित चालु आवको कार्ययोजना तयारीका विषयमा मन्त्रालयका पदाधिकार ीसहितले छलफल गरेका छन्।

## रुपा गाउँपालिका कृषि तथा पशु सेवा शाखाको नवनिर्मित भवनको उद्‍घाटन


पोखरापत्र संवाददाता
पोखरा, ७ साउन

कास्कीको रुपा गाउँपालिका वडा नं. ६, फाल्भञ्ज्याङमा नवनिर्मित कृषि तथा पशु सेवा शाखा कार्यालयको भवन उद्धाटन गरिएको छ।




गाउँपालिकाका अध्यक्ष नवराज ओझाले बिहीबार एक विशेष कार्यक्रमका बीच उक्त भवनको विधिवत् उद्धाटन गर्नुभएको हो। भवन उद्धाटन गर्नुहुँदै गाउँपालिका अध्यक्ष ओझाले पालिकाभित्र कृषि उत्पादन वृद्धिका लागि विशेष बजेट विनियोजन गरिएको जानकारी दिनुभयो। उहाँले कृषिलाई प्रत्यक्ष रूपमा उत्पादनसँग जोड्ने गरी विभिन्न कार्यक्रमहरू सञ्चालन भइरहेको समेत बताउनुभयो। उद्धाटन कार्यक्रममा रुपा गाउँपालिकाकी उपाध्यक्ष लालसुब्बा गुरुङ कृषकको प्रयासलाई पालिकाले पनि सक्दो सहयोग गदै आएको र आगामी दिनमा समेत किसानको भावना अनुसार काम गर्दै जाने बताउनुभयो। कार्यक्रममा बोल्दै पशु शाखा प्रमुख पशुचिकित्सक सुशील अर्यालले नयाँ सुविधासम्पन्न भवन निर्माण भएसँगै सेवा प्रवाह थप प्रभावकारी र सहज हुने अपेक्षा व्यक्त गर्नुभयो। त्यस्तै, कृषि विकास शाखा प्रमुख प्रकाश धानुकले कार्यालयले अबका दिनमा किसानहरूलाई थप नयाँ र परिमार्जित सेवासुविधा सहित सेवा प्रदान गर्ने प्रतिबद्धता जनाउनुभयो। गाउँपालिकाका प्रशासन शाखा प्रमुख लोकनाथ पौडेलले पालिकाबासीलाई सेवा लिन सहज होस् भन्ने उद्देश्यले स्थानीय सरकारले भौतिक संरचना निर्माण कार्यलाई तीव्रता दिइरहेको बताउनुभयो। वडानम्बर २ का अध्यक्ष राजन सुवेदीले कृषकहरु पनि प्राविधिसंग जोडिनुपर्ने बताउनुभयो। उनले कृषि उत्पादनलाई बजारिकरणका वडा कार्यालयसगै पालिकाले सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो। वडानम्बर ५ का अध्यक्ष राजन खनालले पालिकाबाट प्राप्त भएको सुविधालाई कृषि उत्पादनमा भरपुर सदुपयोग गर्न आग्रह गर्नुभयो। समृद्ध रुपा गाउँपालिका बन्नका लागि कृषि उत्पादन बृद्धि हुनुपर्ने खनालको जोड थियो। कार्यक्रमा कृषकहरूको उल्लेखनीय उपस्थिति रहेको थियो। नयाँ भवन निर्माणसँगै स्थानीय कृषकहरूले अब एउटै थलोबाट सहज रूपमा कृषि तथा पशु सम्बन्धी सेवाहरू प्राप्त गर्न सक्नेछन्। भने कृषि र पशु सेवा सम्बन्धी प्राविधिक ल्याबको सुविधा समेत पालिमानै प्राप्त हुने भएको छ। कार्यक्रममा पालिकाले कृषि उत्पादनलाई बजारिकरणका लागि प्रविधिसंग जोड्ने प्रयास स्वरुप कृषि एप संचालनमा ल्याउने भएको छ। सो सम्बन्धमा कार्यक्रममा कृषकसंग छलफल समेत गरिएको छ। कृषकको सुझाव समेटेर एप मार्फत कृषि उत्पादनलाई बजारिकरण गरिने सूचना प्रविधि अधिकृत लक्ष्मण पंगेनीले जानकारी दिनुभयो।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# गण्डकीमा विविध कार्यक्रमसहित मनाइयो बिपी स्मृति दिवस

**पोखरापत्र संवाददाता**
पोखरा, ७ साउन

नेपाली कांग्रेसका संस्थापक एवं पहिलो जननिर्वाचित प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालाको ४४औं स्मृति दिवस बुधबार गण्डकी प्रदेशका कास्कीलगायत जिल्लामा विविध कार्यक्रम गरी मनाइएको छ।

नेपाली कांग्रेस, कास्कीले दिवसका अवसरमा विद्यार्थीबीच वक्तृत्वकला प्रतियोगिता र पोखराको पर्यटनसम्बन्धी नीति लेखन प्रस्तुतीकरण प्रतियोगिता आयोजना गर्‍यो। कुल ११ जना सहभागी उक्त प्रतियोगितामा सुशान्त पराजुली प्रथम, इन्जिनियर प्रदीप सिग्देल द्वितीय र सङ्गीता गौतम तृतीय हुनुभएको छ। प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेलाई क्रमशः रु २५ हजार, १५ हजार र १० हजारसहित प्रमाणपत्र प्रदान गरिएको थियो। यस्तै, बिपीबाट आजका युवाले के सिक्ने ? विषयक वक्तृत्वकला प्रतियोगितामा सम्पन्न गरिएको कास्की कांग्रेसले जनाएको छ। सो प्रतियोगितामा एसओएसकी प्रेरिका बराल प्रथम, लक्ष्मी आदर्श माविकी सम्झना बेलवासे द्वितीय, एसओएसकै अनुजा गौतम तृतीय र रामज्योति माविकी स्वेच्छा परियार सान्त्वना हुनुभएको छ। प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुनेलाई क्रमशः रु १० हजार, आठ हजार, पाँच हजार र दुई हजारसहित प्रमाणपत्र प्रदान गरिएको थियो।

कार्यक्रममा नेपाली कांग्रेस गण्डकी प्रदेशका सभापति शुक्रराज शर्माले बिपीले देश र जनताको पक्षमा निडर भएर काम गरेको उल्लेख गर्नुभयो। नेपाली कांग्रेसकी केन्द्रीय सदस्य विष्णुदेवी पाण्डेले बिपीका विचार र सिद्धान्तलाई अनुसरण गर्दै अगाडि बढ्नुपर्ने उल्लेख गर्नुभयो। स्थानीय धर्म अधिकारीले बिपीको राजनीतिक जीवन र साहित्यकार सञ्जीव पौडेलले साहित्यिक व्यक्तित्वबारे चर्चा गर्नुभएको थियो।

नेपाली कांग्रेस, बागलुङले दिवसका अवसरमा हरित वातावरणका लागि जलवायु संवादको आयोजना गर्‍यो। उक्त कार्यक्रमका विषयवक्ता गण्डकी प्रदेशको नीति तथा योजना आयोगका उपाध्यक्ष डा कृष्णचन्द्र देवकोटाले जलवायु परिवर्तन विश्वव्यापी मुद्दा भएको बताउनुभयो। विश्वले जलवायु परिवर्तनको अभूतपूर्व चुनौती सामना गरिरहेको उहाँको भनाइ थियो। "यसको प्रभाव वातावरणमा मात्र नभई कृषि, जलस्रोत, ऊर्जा, पर्यटन, जैविक विविधतालगायत क्षेत्रमा परिरहेको छ", उहाँले भन्नुभयो, "हाम्रो जस्तो जलवायु संवेदनशीलता भएको मुलुकमा बिपीको दूरदर्शी सोचलाई आजको जलवायु सङ्कट, दिगो विकास र भावी पुस्ताप्रतिको हाम्रो दायित्वसँग जोडेर हेर्नुपर्छ।" बिपी कोइराला राजनीतिक व्यक्तित्व मात्र नभएर योजनाबद्ध विकासका पक्षधर र प्राकृतिक स्रोतसाधनको संरक्षण तथा न्यायोचित वितरणलाई राष्ट्रिय समुन्नतिसँग जोड्नुपर्छ भन्ने मान्यता राख्ने दूरदर्शी नेता भएको उहाँको भनाइ छ। दिवसका अवसरमा बागलुङ नगरपालिका-१ रामरेखामा रहेको बीपी उद्यानमा सफाइ र वृक्षरोपण गरिएको थियो। गण्डकीका अन्य जिल्लामा पनि दिवस मनाइएको छ।

# धार्मिक पर्यटकीय सर्किटका रुपमा विकास गरिने प्रमुख आचार्य

**पोखरापत्र संवाददाता**
पोखरा, ७ साउन



पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले पोखराका धार्मिक तथा सांस्कृतिक सम्पदालाई समेटेर धार्मिक पर्यटकीय सर्किटका रुपमा विकास गरिने बताउनु भएको छ।

पोखरा महानगरपालिका वडा नं. १७ महतगौंस्थित सितापाईला घाटको व्यवस्थापनमा तथा पूर्वाधार निर्माण सम्पन्न भएपछि आज आयोजित उद्घाटन कार्यक्रममा बोल्दै उहाले सेतीनदी किनारमा धार्मिक स्थलको संरक्षण र पूर्वाधार विकासले धार्मिक पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो। दृढ इच्छा शक्ति, इमान्दारिता र पारदर्शिताका साथ सञ्चालन गरिने विकास निर्माणका काम गुणस्तरीय हुने विश्वास व्यक्त गर्दै उहाँले विकास आयोजनाको प्रभावकारिता कायम राख्न स्थानीय समुदायको निगरानी र सक्रिय सहभागिता आवश्यक रहको वताउनुभयो। पोखरालाई नेपालको प्रमुख पर्यटन गन्तव्यका रुपमा थप स्थापित गर्न प्राकृतिक सम्पदासंगै धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाको संरक्षण र प्रवर्द्धनमा महानगरले विशेष ध्यान दिएको जानकारी गराउँदै उहाँले धार्मिक पर्यटकीय सर्किट निर्माण भएपछि आन्तरिक तथा वाह्य पर्यटकको बसाई अवधि वढ्नुका साथै स्थानीय आर्थिक गतिविधिमा समेत सकारात्मक प्रभाव पर्ने उहाँको विश्वास थियो। पोखरा महानगरपालिका वडा नं. १७ का वडाअध्यक्ष राधिका शाही योगीले सितापाईला घाटको व्यवस्थापन सम्पन्न भएसंगै सेतीनदीमा स्नान गर्न आउने भक्तजन तथा अन्त्येष्टि कार्यका लागि शवदाह गर्न आउने परिवारलाई थप सुविधा पुग्ने बताउँदै धार्मिक आस्था, संस्कार र संस्कृतिसंग जोडिएका यस्ता स्थलको संरक्षण र व्यवस्थित विकासलाई महानगरको प्राथमिकतामा रहेको बताउनुभयो। पोखरा महानगरपालिका, विभिन्न संघसंस्था तथा स्थानीय व्यक्तिको सहयोगमा कूल ५१ लख ७९ हजार रुपैयाको लागतमा घाट व्यवस्थापन तथा आवश्यक पूर्वाधार निर्माण सम्पन्न गरिएको कार्यक्रमा सिंढी बाटो निर्माण तथा सिताघाट व्यवस्थापन समितिका कोषाध्यक्ष लेखनाथ चालिसेले जानकारी दिनुभयो। उहाँका अनुसार विकास निर्माणका लागि पोखरा महानगरपालिकाले २७ लाख ८६ हजार ८१२ र विभिन्न संघसंस्था तथा व्यक्तिबाट २३ लाख ९९ हजार ३९२ रुपैया सहयोग प्राप्त भएको थियो। सिंढी बाटो निर्माण तथा सिताघाट व्यवस्थापन समितिका अध्यक्ष लोकराज कोइरालाको अध्यक्षतामा भएको कार्यक्रममा जनप्रतिनिधि शिवराम भण्डारी, सदाशिव सिद्धेश्वर हरिहर मन्दिर व्यवस्थापन समितिका अध्यक्ष नगेन्द्र शर्मा भण्डारी, समाजसेवी नगेन्द्र गुरुङ, विक्रम भण्डारी लगायतले बाटो निर्माणसंगै सेतीनदी किनारामा रहेको करिव ५० रोपनी सार्वजनिक जग्गालाई यातायातसंग जोडिएको हुँदा प्राचिन ढुडगेसाघु मेलाको व्यवस्थापनमा गर्नुपर्ने आवश्यकता औल्याउनुभयो।

# कास्कीमा 'अप्रेसन ३६५', अठार मोटरसाइकल नियन्त्रणमा

**पोखरापत्र संवाददाता**
पोखरा, ७ साउन

कास्की प्रहरीले सञ्चालन गरिरहेको 'अप्रेसन ३६५' अन्तर्गत स्वरुप परिवर्तन गरिएका र ध्वनि प्रदूषण गर्ने १८ वटा मोटरसाइकल नियन्त्रण लिएको छ।

ग ए र ा ि त पोखरामहानगरपालिकाकाविभिन्न स्थानमा गरिएको जाँचका क्रममा वडा प्रहरी कार्यालय बैदामबाट खटिएको प्रहरी टोलीले ११ वटा र वडा प्रहरी कार्यालय बगरको टोलीले सात वटा मोटरसाइकल नियन्त्रण लिएको थियो। गत वर्षदेखि सञ्चालित 'अप्रेसन ३६५' का क्रममा हालसम्म ७४० वटा सवारीसाधन र ३६ जना चालकलाई नियन्त्रणमा लिई कारवाही गरिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक वीरेन्द्रकुमार पासवानले जानकारी दिनुभयो।

जिल्ला प्रहरी कार्यालय र जिल्ला ट्राफिक प्रहरी कार्यालयले संयुक्त रूपमा सुरु गरेको उक्त अपरेसनका क्रममा समाजमा आतङ्क सृजना गर्ने र जाँचका बेला प्रहरीसँग वादविवाद गर्ने सवारी चालकलाई नियन्त्रणमा लिई कारबाही गर्ने गरिएको हो।

मोटरसाइकलका पार्टपूर्जा फेरेर स्वरूप परिवर्तन गर्ने, साइलेन्सरबाट चर्को र पड्किने आवाज निकाल्ने, रातको समयमा ध्वनि प्रदूषण गर्ने, समाजको शान्ति सुव्यवस्था खलबलाउने जस्ता गतिविधि भइरहेको जनगुनासो बढेपछि प्रहरीले यस्ता गतिविधिलाई नियन्त्रणमा लिन ' अप्रेसन ३६५' सञ्चालन गरेको हो। प्रहरीले मोटरसाइकलमा होहल्ला गर्दै हिँड्ने, ध्वनि प्रदूषण गर्ने र स्वरूप परिवर्तन गरिएका मोटरसाइकल देखिएमा नजिकको प्रहरी कार्यालयमा खबर गर्न सवैमा अनुरोध गरेको छ। स्वीकृति नलिई सवारीसाधनको साइलेन्सर, सिट, रङ, स्वरूप, नम्बर प्लेट, लुकिङ ग्लास, सक, ह्याण्डल, इञ्जिन, चेसिसमा परिवर्तन गर्ने वा ध्वनि प्रदूषण हुने खालका पार्टपूर्जा जडान गरेमा सवारी तथा यातायात व्यवस्था ऐन बमोजिम रु १५ हजारसम्म जरिवाना हुने कानुनी व्यवस्था छ।

# कांग्रेस देउवा पक्षको पुनरावलोकन निवेदन

**पोखरापत्र संवाददाता**
पोखरा, ७ साउन

सर्वोच्च अदालतमा नेपाली कांग्रेसको विशेष महाधिवेशनबाट चुनेकोकार्यसमितिलाईआधिकारिक दिएको आदेश पुनरावलोकन गर्न निवेदन परेको छ।

सर्वोच्च अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइरालाका अनुसार कांग्रेसमा पूर्वसभापति शेरबहादुर देउवा पक्षले नेपाली कांग्रेसको बिवादको विषयको निवेदनमा सर्वोच्च अदालतले गरेको अन्तिम आदेशउपर आज पुनरावलोकन निवेदन दर्ता गरेको हो।

न्यायाधीशहरू न्यायाधीश शारङ्गा सुवेदी र नृपध्वज निरौलाको इजलासले गत वैशाख ४ गते विशेष महाधिवेशनबाट चुनिएको सभापति गगनकुमार थापाको कार्यसमितिलाई मान्यता दिएको थियो। विशेष महाधिवेशनलाई निर्वाचन आयोगले मान्यता दिएको भन्दै तत्कालीन सभापति शेरबहादुर देउवा र नेता पूर्णबहादुर खड्का सर्वोच्च अदालत जानुभएको थियो।

# पिसिएमका प्रभातले पाए १२ लाखको उद्यमशिलता अनुदान

**पोखरापत्र संवाददाता**
पोखरा, ७ साउन




पोखरा कलेज अफ म्यानेजमेन्टमा बिबिए आठौं सेमेस्टरमा अध्ययनरत विद्यार्थी प्रभात आचार्यले विश्वविद्यालय अनुदान आयोगबाट १२ लाख रुपैयाँको बिना व्याज बिना धितोको उद्यमशिलता अनुदान प्राप्त गरेका छन्।

आयोगले सञ्चालन गरेको उद्यमशिलता सहयोग कार्यक्रम अन्तर्गत सो कलेजका विद्यार्थी आचार्यले प्राप्त गरेको रकम कलेजले बुधबार हस्तान्तरण गरेको छ। अनुदान रकम आचार्यले आफ्नो उद्यम योजना कुरिलोको चियाको उत्पादनको कार्यमा प्रयोग गर्नेछन्। विद्यार्थी आचार्यले सो रकमबाट आफ्नै ३ रोपनी जमिनमा कुरिलो खेति गर्ने, अन्य कृषकहरुबाट पनि संकलित कुरिलोलाई प्रशोधन गर्ने र त्यसबाट विभिन्न औषधिय गुण भएको चिया उत्पादन गरी बिक्रि गर्ने योजना रहेको बताए। देशभरका ४०० बढि सहभागीहरु मध्येबाट अन्तिम छनौटमा परी आचार्यले सो अनुदान रकम ५ वर्षभित्र फिर्ता गर्ने गरी प्राप्त गरेको कलेजको प्राचार्य लिना नेगी श्रेष्ठले बताइन्।

आयोगबाट प्राप्त रकमको पहिलो किस्ता हस्तान्तरण गर्दै प्राचार्य श्रेष्ठले आयोगबाट प्राप्त तालिम र कलेजको सहयोगबाट विद्यार्थीले उपलब्धी प्राप्त गरेकोमा खुसी व्यक्त गरिन्। कार्यक्रममा कलेज र विद्यार्थीबीच सो अनुदान रकम सदुपयोगको विविध विषयवस्तुमा समझदारी पत्रमा हस्ताक्षर समेत भएको थियो। कार्यक्रमबाट हरिलो एग्रो प्रा. लि. का प्रबन्ध निर्देशक प्रकाश आचार्य, कलेजका कार्यक्रम संयोजक हरि अधिकारी, विद्यार्थीका पीता प्रेमप्रसाद आचार्य तथा उप प्राध्यापकहरु डा. अर्जुन सिग्देल, प्रदिप राना र सुवास मल्लले समेत आफ्नो धारणा राखेका थिए।

**Vacancy**

**Post : Female Assistant Kindergarten + Office Management**

**Working Hour : 9 AM to 5 PM**

**Qualification : +2 passed / running**

**Salary : Negotiable**

**Contact:**
**9819118298**

# रिटर्न ...

तयार पारिएको तथा भूमि नीतिको मस्यौदा तयार गरिएको जानकारी पनि सार्वजनिक गरिएको छ।

कार्यक्रममा मन्त्रालयकी सचिव डा. प्रेरणा सेढाई भट्टराईले मन्त्री कार्कीको विशेष पहलमा रासायनिक तथा जैविक मल व्यवस्थापन प्रभावकारी बनेको बताउनु भयो। संघीय सरकारसँगको समन्वयका कारण धान रोपाइँको मुख्य समयमा मल अभाव हुन नदिइएको उल्लेख गर्दै आगामी दिनमा पनि किसानलाई समयमै मल उपलब्ध गराउने व्यवस्था सुदृढ गरिने बताउनु भयो।

मन्त्री कार्कीले मन्त्रालयको चालु आर्थिक वर्षको बजेट करिब २ अर्ब रुपैयाँ रहेको उल्लेख गर्दै कृषि उत्पादन, किसानको आय वृद्धि तथा आत्मनिर्भर कृषि प्रणाली निर्माणतर्फ मन्त्रालय केन्द्रित भएर काम गरिरहेको बताउनु भयो। यसैबिच, मन्त्रालयको आजदेखि पोखरामा बार्षिक समिक्षा कार्यक्रम समेज जारी रहेको छ। उक्त कार्यक्रम शुक्रबारसम्म जारी रहने भएको छ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरूका लागि
महिलाहरूमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरूमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरूको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरूको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

# खेम सारुमगर र गोपाल जिटीलाई कञ्चन पत्रकारिता पुरस्कार

**पोखरापत्र संवाददाता**
पोखरा, ७ साउन

नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज), गण्डकीद्वारा सञ्चालित 'कञ्चन पत्रकारिता पुरस्कार-२०८३' खेम सारुमगर (कास्की) र गोपाल जिटी (स्याङ्जा) लाई प्रदान गरिने भएको छ।

प्रतिभा छनोट समितिले गरेको सिफारिसअनुसार फोनिज गण्डकीको बैठकले सारुमगर र जिटीको नाम अनुमोदन गरेको फोनिज गण्डकी अध्यक्ष खिमा गुरुङले जानकारी दिइन्। पुरस्कार राशि जनही २५ हजार र सम्मानपत्र छ। फोनिजका संघीय सल्लाहकार शान्ति गुरुङको संयोजकत्वमा रहेको प्रतिभा छनोट समितिले पत्रकार सारुमगर र जिटीको नाम सिफारिस गरेको हो। समितिको सदस्यमा फोनिज गण्डकी संघीय सचिव एमबी आस्था मगर, फोनिज गण्डकीका सल्लाहकार मनोज घर्तीमगर, अध्यक्ष खिमा गुरुङ र महासचिव सुरज थापामगर थिए।

पुरस्कृत हुने पत्रकार खेम सारुमगर सार्वजनिक सेवा प्रशारण रेडियो नेपाल, प्रादेशिक प्रशारण केन्द्र, पोखरामा कार्यरत छन्। तत्कालिन रेडियो नेपाल क्षेत्रीय प्राशारण केन्द्र, पोखरामा २०५१ सालबाट पत्रकारिता सुरु गरेका सारुमगरसँग समाचार बाचक (मगर भाषा), समचार सम्पादक हुदैं वरिष्ठ सम्पादक भई कार्य गरेको अनुभव छ।

स्याङ्जाका गोपाल जिटी २०६७ सालदेखि सञ्चारकर्म जोडिएका हुन्। उनले सामुदायिक रेडियो वालिङ एफ एम र वालिङ टेलिभिजनमा काम गरिसकेका छन्। अहिले उनी प्रमाण मिडिया ग्रुप प्रालि अन्तर्गतको प्रमाण न्यूज साप्ताहिक र प्रमाण अनलाइनमा कार्यरत छन्।

उनीहरुलाई फोनिज स्थापना दिवसका अवसरमा साउन २१ गते पोखरामा सम्मान समारोह आयोजना गरी पुरस्कृत गरिनेछ।

पोखराका प्रतिष्ठित व्यवसायी विमलमान गुभाजु र उनका परिवारले आफ्ना स्व. बावुआमा वेदमान गुभाजु र नेत्रकुमारी गुभाजुको स्मृतिमा यो पुरस्कार स्थापना गरेका हुन्। गण्डकी प्रदेशलाई कार्यक्षेत्र बनाई क्रियाशील २ जना पत्रकारलाई हरेक वर्ष यो पुरस्कार प्रदान गरिदै आएको छ। यसअघि कास्कीका रुद्रबहादुर थापा, शान्ति गुरुङ, उदयबहादुर अमात्य, हुमबहादु तमु, दीपेन्द्र श्रेष्ठ, राम गुरुङ, बागलुङका राजेशचन्द्र राजभण्डारी, नवलपुरका केबी राना, लमजुङका आश गुरुङ, मुस्ताङका सुन्दरकुमार थकाली, नवलपुरकी कमला राना, गोरखाका कैलाशबाबु श्रेष्ठलाई यो पुरस्कार अर्पण गरिसकिएको छ।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

समय विताउन चाहनुहुन्छ भने नमरेसम्म श्रम गर्नुहोस ।

– सास लिभोसन

## सम्पादकीय

# अदालतमा अल्झिएको नेपाली कांग्रेस

नेपाली काङ्ग्रेस निर्वाचन आयोग र सर्वोच्च अदालतले जबर्जस्ती विभाजन गराएको भन्दै पूर्वप्रधानमन्त्री शेर बहादुर देउवा पक्ष रुष्ट छ । राजनीतिक दल भित्र पसेर निर्वाचन आयोगले खेल खेलेको र अदालतले बेवास्ता काङ्ग्रेसको आधिकारिकता विवादमा यसअघि भएको फैसला पुनरावलोकन गर्न माग गर्दै निवर्तमान सभापति गरेको कारण विभाजन हुने हो कि होइन शेरबहादुर देउवापक्षले सर्वोच्च अदालतले निवेदन दिएको छ ।

सर्वोच्च अदालतले विशेष महाधिवेशनबाट चयन भएको गगन थापा नेतृत्वको समिति वैद्य भएको ठहर गरेको थियो । अदालतको उक्त फैसला त्रुटिपूर्ण भएको भन्दै देउवा समूहले पुनरावलोकनका लागि निवेदन दिएको छ । बिहीबार निवर्तमान सभापति देउवा र निवर्तमान कार्यवाहक सभापति पूर्णबहादुर खड्काका तर्फबाट वारेसमार्फत पुनरावलोकन निवेदन दर्ता भएको सर्वोच्च अदालतका प्रवक्ता अर्जुन कोइरालाले जानकारी दिए का छन् । अब तीन जना न्यायाधीशहरूले बसेर यो मुद्दामा पुनरावलोकन गर्ने वा नगर्ने भन्ने विषयमा निर्णय लिने अवस्था आउँछ। तीन जना न्यायाधीशले पुनरावलोकन गर्न अनुमति दिए यो मुद्दा फेरि प्रक्रियामा जाने अन्यथा अगाडि नबढ्ने हुनसक्नं अवस्था छ । विशेष महाधिवेशनबाट चयन भएको थापा नेतृत्वको कार्यसमितिलाई निर्वाचन आयोगले मान्यता दिएको थियो भने सर्वोच्चले पनि उक्त निर्णय वैद्य भएको ठहर गरेसँगै कांग्रेसको आधारिकता गगन थापा समूहले पाएको थियो ।

देउवा-खड्कापक्षले थापालाई सभापति स्वीकार गरिसकेका छैनन् । दुवै समूहले एकताका लागि वार्ता गरे पनि ठोस सहमति जुट्न नसक्दा पार्टी विभाजनतर्फ गएको छ । हाल देशबाहिर रहेका देउवाले आफू छिट्टै स्वदेश फर्किन लागेको सन्देश जारी गरेसँगै अदालतमा पुनरावलोकन निवेदन परेको हो। नेपाली राजनीतिमा विवाह छ ।

राजनीतिक विवादको हल अदालतबाट खोज्ने प्रवृत्ति बढ्दो छाराजनीतिक रुपमा हल नखोजी अदालत जानू दलहरूका लागि सजाय नै होदेशको पुरानो लोकतान्त्रिक पार्टीमा चरम निराशा र गुटबन्दी चर्को छ । स्वदेशमा रोजगारी पाउने ठाउँ नभेटेपछि विदेश जानू स्वभाविक हो । सरकारको निष्पक्ष व्यबहार आवश्यक छ । सर्वोच्च अदालतले तोडिएको काङ्ग्रेसलाई जोड्न काङ्ग्रेसमा एकताको सुत्र बनाउनु आवश्यक छ ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : शुभ यात्रा |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : स्वास्थ्यमा सुधार |
| मिथुन | : मानसिक तनाब | धनु | : आर्थिक समस्या |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : शत्रुको भय |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : झमेला बढ्ने | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# नेपाल श्रीलङ्कासँग पराजित

**रासस**
काठमाडौं, ७ साउन

पुरुष सेन्ट्रल एसियन भलिबल एसोसिएसन (काभा) भलिबल च्याम्पियनसिपअन्तर्गत बिहीबार भएको खेलमा नेपाल श्रीलङ्कासँग पराजित भएको छ ।

प्रतियोगितामा नेपालको यो लगातार दोस्रो हार हो । यसअघि हिजो भएको पहिलो खेलमा नेपाल काजकिस्तानसँग ३-२ कै सेटमा पराजित भएको थियो । पकिस्तानको इस्लामावादस्थित लियाकत व्यायाम शालामा आज भएको उक्त प्रतियोगितामा श्रीलङ्कासँग नेपाल ३-२ को सेटमा पराजित भएको हो । श्रीलङ्काले पहिलो सेटमा २५-१८ को जित निकालेको थियो । त्यसपछि खेलको लगातार दुई सेट नेपालले आफ्नो पक्षमा पारयो । नेपाले दोस्रो सेट २५-२१ अङ्क र तेस्रो सेट २५-१९ अङ्कले जित्यो । श्रीलङ्काले चौथो सेट २५-२१ अंकले आफनो पक्षमा पाऱ्यो ।

# हेलिकप्टरमार्फत उद्धार गरिएकी सुत्केरीको मृत्यु

**पोखरापत्र संवाददाता**
पोखरा, ७ साउन

बागलुङको निसीखोला गाउँपालिका-३ का ३९ वर्षीया सुत्केरी मीना सुनारको पोखरास्थित मणिपाल शिक्षण अस्पतालमा मृत्यु भएको छ ।

स्वास्थ्य अवस्था जटिल बनेपछि उहाँलाई आज बिहान नेपाली सेनाको हेलिकप्टरबाट पोखरा ल्याइएको थियो । अस्पताल पुऱ्याएलगत्तै चिकित्सकले सुनारलाई मृत घोषणा गरेको जनाइएको छ । गम्भीर अवस्थामा बुर्तिबाङ अस्पताल ल्याइएकामा त्यहाँ उपचार हुन नसकेपछि पोखरा पठाइएको उक्त अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा अविनाश पोखरेलले बताउनुभयो । मङ्गलबार बोहरागाउँ स्वास्थ्यचौकीमा सुत्केरी हुनुभएकी उहाँलाई राति अत्यधिक रक्तस्राव हुने, पेट दुख्ने समस्या भएपछि बुर्तिबाङ अस्पतालमा ल्याइएको थियो ।

बुर्तिबाङ अस्पतालमा प्रारम्भिक प्रीक्षण गर्दा सुनारको पेटमा रगत जमेको पाइएको थियो । उहाँ प्राकृतिक रूपमा सुत्केरी भएको र शिशुको स्वास्थ्य अवस्था सामान्य रहेको जनाइएको छ । सुरुमा काठमाडौँ लैजाने तयारी भए पनि स्वास्थ्य अवस्था नाजुक बन्दै गएपछि मणिपाल अस्पतालमा ल्याइएको थियो ।

# भाद्र अन्तिमसातादेखि पोखराको पुरानो टुडिखेलमा तीज महोत्सव हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ७ साउन

नेपाली महिलाहरुको महान पर्व हरितालिका तिजको अवसर पारि पोखरा महानगरपालीका वडा नम्बर १ स्थित पुरानो टुँडिखेलमा ऐतिहासीक टुँडिखेल तीज महोत्सव २०८३ हुने भएको छ । इन्द्रेणी एकिकृत विकास केन्द्र, पोखरा १ को आयोजना महोत्सव हुने भएको हो ।

महोत्सवलाई भव्य एंव सभ्य रुपमा सम्पन्न गर्न आयोजक केन्द्रले स्थानिय निकाय, स्थानिय सरोकारवालाहरु, विभिन्न संघ संस्था, राजनैतिक दलका प्रतिनिधी, आमा समुह, क्लबहरु लगायतको सहभागीतामा छलफल एंव सुझाब संकलन गरेको छ । भेलामा सहभागीहरुले महोत्सव सम्पन्न सगै सफल पार्न सवैले आ आफनो तर्फबाट सहयोग गर्ने प्रतिवद्धता जनाएका थिए ।

आयोजक केन्द्रका अध्यक्ष भानुभक्त अधिकारीले नेपाली मौलिक कला र सस्कृतीलाई जगेर्ना गदै करिव दुई दशक अघिदेखि तिजगित प्रतियोगिता आयोजना गदै आएको जानकारी दिए ।

त्यसपछि ०७६ सालमा पहिलो पटक तिजमेला आयोजना गरेकोमा केरोनाका कारण दुईवर्ष रोकिएकोमा पछि त्यसलाई महोत्सवका रुपमा निरन्तर संचालन गदै आएको बताए । महोत्सवको मिति केहि दिनमा सार्वजनिक गरिने अध्यक्ष अधिकारीले जानकारी दिए । नेपाली कला संस्कृतीको संरक्षण सगै पोखरा १ स्थित गाईघाट क्षेत्रमा केन्द्रले निमार्ण गदै गरेको कृयापुत्री भबन निमार्णका लागि आर्थिक सहयोग जुटाउने उदेश्य रहेको अधिकारीले बताए ।

मौलिक तीजगीत प्रतियोगिता, तीज गृहणी नृत्य प्रतियोगिता, टपरि गास्ने प्रतियोगिता, विद्यालय स्तरीय लोक नृत्य प्रतियोगिता, गण्डकी प्रदेश स्तरिय छेलो लगायतका प्रतियोगिताहरु संचालन गरिने मेलामा दैनिक उपभोग्य सामान, कृर्षि, हस्तकला, बैक तथा वित्तिय सस्था, लत्ता कपडा, रेष्टुरेन्ट लगायतका विभिन्न स्टलहरु सगै राष्ट्रिय तथा स्थानीय कलाकारहरुको प्रस्तुती सगै वाल उद्यान समेत रहनेछ ।

# लोकतान्त्रिक परिवर्तनको अगुवाइ राजनीतिक दलबाटै भएको हो : अध्यक्ष ओली

**रासस**
काठमाडौं, ७ साउन

नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले जनताको अधिकार स्थापना र लोकतान्त्रिक परिवर्तनको अगुवाइ राजनीतिक दलबाट नै भएको बताउनुभएको छ ।

एमालेको 'राजधानी प्रदेश कमिटी' ले ४८औं पुष्पलाल श्रेष्ठ स्मृति दिवसका सन्दर्भमा आज आयोजना गरेको 'संविधानको रक्षा र लोकतन्त्रको सुदृढीकरणमा संविधान निर्माता मुख्य दलहरूको भूमिका र दायित्व' विषयक कार्यक्रममा अध्यक्ष ओलीले वर्तमान अवस्थामा नयाँ र पुराना दलका नाममा गरिने बहसले घरघरमा विवाद र विभाजन ल्याउने बताउनुभयो । राजनीतिक दलहरूले समयानुकूल परिवर्तन हुने चेत बोक्ने भएकाले कठिन परिस्थितिमा पनि निरन्तर लड्न र उठ्न सक्ने अध्यक्ष ओलीको दाबी छ ।

नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का नेता नारायणकाजी श्रेष्ठले विगतमा जनताले जिम्मेवारी दिँदा पनि आफूहरूले सोचे जसरी काम गर्न नसकेको विषयमा आत्मसमीक्षा गर्नुपर्ने बताउनुभयो । उहाँले अहिलेको अवस्थामादेशभक्तशक्ति,कम्युनिष्ट र वामपन्थीहरूबीच एकता र सहकार्य गर्न सकेमा पुष्पलालप्रति साँचो श्रद्धाञ्जली हुने बताउनुभयो । नेपाली कांग्रेसका नेता एवं वरिष्ठ अभिवक्ता राधेश्याम अधिकारीले लोकतन्त्र र संविधानमाथि आउन सक्ने कुनै पनि चुनौतीको राजनीतिक दलहरू मिलेर सामना गर्नुको विकल्प नभएको बताउनुभयो । वरिष्ठ अधिवक्ता टीकाराम भट्टराईले विगतका कमजोरी र प्राप्तिको समीक्षा गर्दै लोकतन्त्र र संविधानको रक्षाका लागि राजनीतिक दलहरू नै अग्रमोर्चामा आउनुपर्ने बताउनुभयो ।

# अग्रवाललाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश

**रासस**
काठमाडौं, ७ साउन

उच्च अदालत पाटनले व्यवसायी शङ्करलाल अग्रवाललाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश गरेको छ ।

न्यायाधीशद्वय अर्जुनप्रसाद कोइराला र कविप्रसाद न्यौपानेको संयुक्त इजलासले बिहीबार व्यवसायी अग्रवाललाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश गरेको हो । बुधबार अग्रवाललाई नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) डिल्लीबजारबाट पक्राउ गरेको थियो । व्यवसायीहरू दीपक भट्ट र शङ्करका छोरा शुलभ अग्रवालसमेत प्रतिवादी रहेको बैंकिङ कसुर मुद्दामा अग्रवाललाई पनि प्रतिवादी बनाइएको थियो ।


## एउटै व्यक्ति भएको सूचना



पर्वत जिल्ला कुश्मा नगरपालिका वडा नं. १४ बस्ने भारतीय सेना ४/१ जि.आर, भु.पु. सैनिक नं. ५०३९८८५ हेनरी ना.सु पूर्ण सिं गुरुङको छोरी हिरा माया गुरुङको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर हिरा माया गुरुङ उल्लेख भएको तर बाबुको भारतीय पेन्सन अभिलेखमा निजको नामथर हिरा देवी उल्लेख भई नेपाली नागरिकता प्रमाणपत्र र बाबुको भारतीय पेन्सन अभिलेखमा नामथर फरक परेता पनि उल्लेखित फरक नामथर भएको व्यक्ती एउटै भएको भनी कुश्मा नगरपालिका १४ नं. वडा कार्यालय पर्वतको च.नं. ९७० मिति २०८३/०३/२५ को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, पर्वत**

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. १६ निवासी भारतीय भु.पु.सै.नं. ५४४९८४८ L Hav गौ बहादुर गुरुङको श्रीमती मसन्ती गुरुङको भारतीय सैनिक अभिलेखमा नामथर मसान्त गुरुङ जन्म मिति ई.सं. १९७०।०३।२० तदानुसार बि.सं. २०२६।१२।०७ भएको र नेपाली नागरिकता प्रमाणपत्र (ना.प्र.नं. ४६-०१-८०-००६७२)मा निजको नामथर मसन्ती गुरुङ जन्म मिति वि.सं. २०२१।०१।३० तदानुसार ई.सं. १२।०५।१९६४ भै नामर्थर र जन्म मिति फरक परेतापनि उल्लेखित नामथर जन्म मिति भएको ब्यक्ति फरक ब्यक्ति नभई एकै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका १६ नं. वडा कार्यालयको च.नं. ५९ मिति २०८३।०४।०६ को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**

## एउटै व्यक्ति भएको सूचना



गण्डकी प्रदेश तनहुँ जिल्ला साविक मनपाङ्ग गा.वि.स-१ हाल म्याग्दे गा.पा-६ निवासी भारतीय भ.पु.नं.JC६०७३२६W, दर्जा सुवेदार, पल्टन ५/३ जि.आर. का नामथर नुर बहादुर थापाको श्रीमतीको नागरिकतामा नाम थर मिरा (घर्ती क्षेत्री) र जन्म मिति वि.स. २०१७/०१/०२ रहेको र सैनिक अभिलेखमा नाम थर मिरा थापा, जन्म मिति सन् १५-०१-१९६० भई नाम थर र जन्म मिति फरक परेता पनि व्यक्ति एकै भएको भनी म्याग्दे गा.पा-६ को वडा कार्यालयको च.नं. २० मिति २०८३/०४/०५ गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, तनहुँ**

## कम्पनी खारेज सम्बन्धी सार्वजनिक सूचना

प्रकाशित मितिः २०८३/०४/०८ गते

कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७८-०७-०३ मा दर्ता भएको प्रा.लि.नं. २७५००८ को लाजिम ईन्टरनेशनल ट्रेडिङ्ग प्राइभेट लिमिटेड (पान नं. ६१०१२६९५०), नामक कम्पनी यस कार्यालयको मिति २०८३-०१-०२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

## एउटै व्यक्ति भएको सूचना



पर्वत जिल्ला कुश्मा नगरपालिका वडा नं. १४ बस्ने भारतीय सेना ४/१ जि.आर, भु.पु. सैनिक नं. ५०३९८८५ हेनरी ना.सु पूर्ण सिं गुरुङको श्रीमती इन्द्र कुमारी गुरुङको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर इन्द्र कुमारी गुरुङ उल्लेख भएको तर भारतीय पेन्सन अभिलेखमा निजको नामथर इन्द्र कुमारी उल्लेख भई नेपाली नागरिकता प्रमाणपत्र र श्रीमानको भारतीय पेन्सन अभिलेखमा नामथर फरक परेता पनि उल्लेखित फरक नामथर भएको व्यक्ती एउटै भएको भनी कुश्मा नगरपालिका १४ नं. वडा कार्यालय पर्वतको च.नं. ९७१ मिति २०८३/०३/२५ को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, पर्वत**

## नामथर र जन्म मिति फरक पर्न गएको सूचना



कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं.-१६, निवासी बुद्धि बहादुर गुरुङ छोरा भारतीय भु.पु. सैनिक नं. **JC ६०२३१८ N,** नायब सेवेदार चिन बहादुर गुरुङको श्रीमतीको नेपाली नागरिकता प्रमाण पत्र (ना.प्र.नं. ३४४३) मा नाथर अक्कल कुमारी गुरुङ, जन्म मिति ई.सं. १९६१ जुन २३ तदानुसार वि.सं. २०१८/०३/०९ भएको र भारतीय पेन्सन अभिलेखमा नामथर मिम कुमारी गुरुङ, जन्म मिति वि.सं. २०२१/०२/१९ तदानुसार ई.सं. १९६४ जुन १ उल्लेख भई फरक परेतापनि उल्लेखित फरक नामथर र जन्म मिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको अनुरोध छ भनि पोखरा महानगरपालिका १६ वडा कार्यालयको च.नं. ७ मिति २०८३/०४/०१ को सिफारिस पत्रबाट लेखी आएकोले एकै व्यक्तिको नामथरफरक परेता पनि दुवै नामथर भएको व्यक्ति एकै व्यक्ति भएको बेहोरा सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# यसरी सम्भव छ बाह्रैमास पर्यटन

**रामबहादुर थापा**
पोखरा, ७ साउन/रासस



कुनैताका वर्षायाम र मध्य जाडोमा पोखरामा पर्यटकीय गतिविधि शून्य प्रायः हुन्थ्यो । पोखराको निर्भरता मौसमी पर्यटनमा थियो । यहाँको पर्यटन बजारलाई 'सिजन' र 'अफसिजन'मा छुट्टाउने गरिन्थ्यो । अहिले पोखराको पर्यटन कुनै याममा मात्र सीमित छैन । 'सबै मौसममा पर्यटन'को लक्ष्यतर्फ पोखरा अग्रसर छ । अहिले वर्षात्को बेला छ । पर्यटन व्यवसायी यसलाई 'अफसिजन' भन्न नहुने तर्क गर्छन् । पछिल्लो समय पर्यटक कम आउने यामलाई 'लो-सिजन' र मुख्य पर्यटकीय यामलाई 'हाइ-सिजन' भन्ने गरिएको छ ।

पहिलेपहिले वर्षायाम (असार-भदौ) र मध्यजाडो (पुस-माघ)लाई पर्यटनमा 'अफसिजन' मानिन्थ्यो । त्योबेला पोखराको लेकसाइडमा प्रायः होटल, रेष्टुराँ बन्द हुन्थे । व्यवसायीले कर्मचारी/कामदारलाई बिदा दिन्थे । विदेशी पर्यटक देख्नु/भेट्नु दुर्लभ जस्तै थियो तर अहिले त्यही याममा लेकसाइडका होटलको 'अकुपेन्सी' २० प्रतिशतसम्म छ । 'हाइ-सिजन'मा भने यो दर ९५ प्रतिशतसम्म पुग्ने गरेको छ । होटल सङ्घ पोखराका अध्यक्ष लक्ष्मण सुवेदीका भनाइमा निजी क्षेत्र, राज्यका निकायलगायत सबैको साझा प्रयासमा पोखराको पर्यटन यहाँसम्म आइपुगेको हो ।

"मैले नै होटल व्यवसाय सुरु गर्दा वर्षात् र जाडो याममा लेकसाइड झण्डै बन्दै जस्तो हुन्थ्यो, कतिपय होटल घरका सदस्य मात्रले चलाउँथे, स्तरीय होटल खुलिसकेका थिएनन", उहाँले भन्नुभयो, "बाह्रैमास पर्यटकीय गतिविधि हुन थालेपछि होटलमा लगानी थपियो, रोजगारी पनि बढ्यो, अहिले पोखराको पर्यटन क्षेत्रमा आठ खर्ब बराबरको लगानी रहेको अनुमान छ ।" वर्षायाममा होटलको 'अकुपेन्सी' २० प्रतिशतसम्म हुनुलाई सन्तोषजनक मान्नुपर्ने अध्यक्ष सुवेदीले बताउनुभयो । गर्मी छल्न आउने भारतीयसहित विदेशी र आन्तरिक पर्यटकका कारण 'लो-सिजन'मा पनि पोखराको पर्यटन केही चलायमान भएको उहाँको भनाइ छ ।

हरेक मौसममा पोखरामा हुने पर्यटकीय गतिविधिले 'बाह्रमासे पर्यटन'लाई टेवा दिइरहेको अध्यक्ष सुवेदीले बताउनुभयो । असार १५ को रोपाइँ महोत्सवदेखि नयाँ वर्षका बेला हुने सडक महोत्सवसम्मले पोखरामा पर्यटकलाई आकर्षित गर्ने गरेको उहाँको भनाइ छ । "यस्तो बर्खामा पनि पोखरामा प्याराग्लाइडिङ भइरहेको छ, लेकसाइडमा भारतीयसहित तेस्रो मुलुकका पर्यटक पनि ओहोरदोहोर गरिरहेको देख्न सकिन्छ", अध्यक्ष सुवेदीले भन्नुभयो, "यसले पोखराको पर्यटन बजार बाह्रैमास चल्छ भन्ने देखाएको छ ।"

पोखरा पर्यटन परिषद्का पूर्वअध्यक्ष पोमनारायण श्रेष्ठले नेपाल हरेक याममा घुम्नलायक गन्तय हो भन्ने सन्देश पोखराले दिइरहेको बताउनुभयो । मनसुन यामलाई लक्ष्य गरी पर्यटन प्रवर्द्धनका गतिविधि गर्न सके यो बेला पोखरामा थप पर्यटक भित्र्याउन सकिने उहाँको भनाइ छ । "गर्मी छल्न र मनसुनमा घुम्न रुचाउने भारतीयसहित गर्मी भूभागमा बस्ने आन्तरिक पर्यटकलाई पनि यो बेला पोखरा ल्याउने योजना बनाउनुपर्छ", उहाँले भन्नुभयो, "यसका लागि पोखरासम्मको हवाई सञ्जाल विस्तार, स्तरीय सडक यातायात र पर्यटकीय पूर्वाधार निर्माणमा राज्यले लगानी बढाउनुपर्छ ।" पर्यटकीय राजधानी पोखरालाई बाह्रैमास उत्तिकै चलायनमान गराउने गरी नीतिगत र संरचनागत प्रबन्ध गर्नुपर्नेमा उहाँको जोड छ । "पोखराको पर्यटनमा जुन स्तरमा लगानी भएको छ, त्यही रुपमा निजी क्षेत्रले लाभ उठाउन सकिरहेको छैन", परिषद्का पूर्वअध्यक्ष श्रेष्ठले भन्नुभयो, "राज्यले पनि निजी क्षेत्रलाई प्रोत्साहन हुने गरी नीति तथा कार्यक्रम ल्याउनुपर्छ, पर्यटन विकासमा सबैको ऐक्यबद्धता र अठोट चाहिन्छ ।" उहाँले मुस्ताङ, मनाङजस्ता ठाउँमा मनसुन याम केन्द्रित पर्यटकीय गतिविधि हुन सकेमा पर्यटक आकर्षित गर्न सकिने बताउनुभयो । "पर्यटकका लागि सुरक्षा पहिलो शर्त हुने भएकाले गन्तव्यसम्म जाने सडक सुरक्षित र व्यवस्थित हुन सकेमा जुनसुकै मौसममा पनि पर्यटक आउँछन्", उहाँले भन्नुभयो, "वर्षायाममा पनि पूर्वाधार, बाटाघाटो सुरक्षित छन्, यातायात सेवा प्रभावित हुँदैन भन्ने सुनिश्चित चाहिँ राज्यले गर्नुपर्छ ।" नेपाल पर्यटन बोर्ड, गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछानेले धेरै गर्मी हुने भारतसहित मध्यपूर्वी देशका पर्यटकलाई यस याममा नेपाल भित्र्याउन सके पर्यटन क्षेत्र थप चलायमान हुने बताउनुभयो ।

"धेरै कम पानी पर्ने र अत्यधिक गर्मी हुने मध्यपूर्वका देशबाट पर्यटक पोखरामा ल्याउन सकियो भने उनीहरुले यहाँ बटुल्ने अनुभव पक्कै अद्भूत खालको हुन्छ", उहाँले भन्नुभयो, "मनसुन पदयात्रामार्फत पनि पर्यटकलाई पोखरादेखि नजिकका गन्तव्यमा पुर्याउन सकिन्छ ।" वर्षात्का बेला बेग्लै देखिने भूगोलको परिदृश्य, छिनछिनमा फेरिइरहने मौसम, हरिया डाँडापाखा, लेकतिर फुल्ने बुकीफूल, ग्रामीण जनजीवन आदिले यो याममा पर्यटकलाई आकर्षित गर्ने प्रमुख लामिछानेले बताउनुभयो । "झरी परिरहेका बेला छाता ओढाएर पर्यटकलाई हिँडाउन सकिन्छ, हिलोमा खेलिने विभिन्न खेल गतिविधिमा पनि पर्यटकलाई भुलाउन सकिन्छ", उहाँले भन्नुभयो, "कोही पर्यटक झरीमा ड्राइभिङ गर्न रुचाउने खालका हुन्छन्, तिनका लागि पनि पोखरा उपयुक्त गन्तव्य बन्न सक्छ ।" वर्षात्को याममा प्रकृतिको बेग्लै अनुभूति बटुल्न पाइने हुँदा सौखिन र खर्चालु पर्यटक मनसुन पदयात्रामा बढी लालायित हुने गरेको उहाँको भनाइ छ । उहाँले पोखरा मात्र नभएर नेपालका अधिकांश गन्तव्यमा बाह्रैमास पर्यटक पुर्योउन सकिने बताउनुभयो । "मुख्य रुपमा भारतीय पर्यटकलाई लक्षित गर्नुपर्छ, यसवर्ष अहिलेसम्मकै धेरै भारतीय पर्यटक पोखरा आए, नेपालीहरुमा पनि घुम्ने संस्कृति बढ्दो छ", उहाँले भन्नुभयो, "पर्यटन बोर्डले पनि निजी क्षेत्रसँग मिलेर पर्यटन प्रवर्द्धनका काम गरिरहेको छ, तर यो पर्याप्त छैन, राज्यसँग पनि स्रोतसाधनको कमी छ ।" ट्रेकिङ ऐजेन्सिज एसोसियसन अफ नेपाल (टान), गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्यले सम्भावना भएर पनि नेपालमा मनसुन याम केन्द्रित पर्यटकीय गतिविधि खासै हुन नसकेको बताउनुभयो ।

डोल्पा, मनाङ, मुस्ताङलगायत उपल्लो भेगमा यस याममा पनि पदयात्राका गतिविधि सञ्चालन गर्न सकिने उहाँको भनाइ छ । "पर्यटनलाई बाह्रैमास चलायनमान बनाउने गरी नीति र प्रवर्द्धनका कार्यक्रम ल्याउनु आवश्यक छ, निजी क्षेत्रले मात्र चाहेर हुँदैन, यसमा सरकारले नै पहल लिनुपर्छ", उहाँले भन्नुभयो, "मनसुनमा पनि घुमफिर गर्न रुचाउने, आनन्द लिने पर्यटक हुन्छन्, तर उनीहरुलाई आकर्षित गर्न सकिएको छैन ।" उच्च पहाडी र हिमाली भेगमा कम पानी पर्ने भएकाले यो याममा पदयात्रा गर्न कुनै समस्या नहुने उहाँको भनाइ छ ।

यातायातको सहज सुविधा नहुँदा र प्रवर्द्धन नभएका कारणले मनसुन याममा पर्यटकीय गतिविधि न्यून हुने गरेको अध्यक्ष आचार्यले बताउनुभयो । "वर्षायाम भनेपछि पानी पर्छ, बाटाघाटो बिग्रन्छ, हिमाल खुल्दैन भन्ने भाष्य बनेकाले पनि पर्यटकीय गतिविधि कम हुने गरेको छ", उहाँले भन्नुभयो, "यही याममा आधारित पर्यटन गतिविधि सञ्चालन गर्न सकिन्छ, तर यसमा सम्बद्ध निकायको चासो कम देखिन्छ ।"

**मनसुनमा घुमघाम**

वर्षायाममा मानिसहरु हत्तपत्त घुमफिरमा निस्कँदैनन । सामान्यतया यो बेला पर्यटकीय गतिविधि न्यून हुने गर्छन् । तर केही यस्ता गन्तव्य छन्, जहाँको पर्यटन यही याममा बढी चलायमान हुन्छ । मनसुन पदयात्रामा बढ्दो आकर्षणले कास्कीको कोरी, बागलुङको ढोरपाटन, पूर्वीरुकुमको चुङ्गीबुकीलगायतका गन्तव्यमा मध्यबर्खामा पनि पर्यटकीय चहलपहल बढेको हो ।

उच्च पहाडी भेगका पाटन र खर्कमा फूल्ने बुकीफूल, लेकाली जनजीवन, वर्षात्मा हरियै देखिने डाँडापाखा, रिमझिम वर्षा र बादलभित्र लुकामारी खेल्ने हिमालको सौन्दर्य नियाल्न पदयात्रीहरु मनसुन पर्खिरहेका हुन्छन् । यो याममा गरिने घुमफिरको अनुभव बेग्लै खालको हुने बताउनुहुन्छ, पदयात्री सन्दीप शर्मा । हालै पूर्वीरुकुमको भूमे गाउँपालिका-१ स्थित चुङ्गीबुकी पुगेर फर्कनुभएका उहाँले त्यहाँका पाटनमा फूल्ने रङ्गीचङ्गी भूइँफूलले पर्यटकलाई लोभ्याउने गरेको बताउनुभयो । "फूलैफूलले ढाकिएका पाटन, भैँडीगोठ र नजिकबाट नियाल्न सकिने हिमाली सौन्दर्य यहाँका मुख्य आकर्षण हुन्", उहाँले भन्नुभयो, "छोटो दुरीको पदयात्रापछि पुग्न सकिने भएकाले पनि चुङ्गीबुकीमा पर्यटकको आउजाउ बढेको हो ।" बागलुङ र पूर्वीरुकुमको सीमास्थल पातीहाल्नेदेखि पाँच किमिको पदयात्रामाचुङ्गीबुकीपुग्नसकिनेशर्माले बताउनुभयो । यो बेला चुङ्गीबुकी, बागलुङको ढोरपाटनलगायत क्षेत्रमा देखिएको पर्यटकीय चहलपहलले नेपाल हरेक याम घुम्नका लागि उपयुक्त गन्तव्य हो भन्ने प्रमाणित गरेको उहाँको भनाइ छ । मनसुन पदयात्रामा जाँदा विशेष रुपमा चनाखो हुनुपर्ने र सोही अनुसारको बन्दोबस्ती मिलाउनुपर्ने शर्माको सुझाव छ । बाढीपहिराको जोखिम हुने भएकाले मौसमसम्बन्धी पूर्वसूचना र चेतावनीको सधैँ ख्याल गर्नुपर्ने उहाँको भनाइ छ । पोखराकी यात्रा ब्लगर दिव्या ढकाल पर्यटकले मनसुन याममा चुङ्गीबुकी, ढोरपाटनजस्ता गन्तव्य रोज्नुमा बुकीफूल र भैँडीगोठको आकर्षण मुख्य रुपमा जोडिएको बताउनुहुन्छ ।

"ढोरपाटन उपत्यका र बुकी क्षेत्रमा पाइने थरीथरीका फूल, भैँडीगोठ र रमणीय भू-बनोटले जोकोहीलाई लोभ्याउने गर्छ", उहाँले भन्नुभयो, "यात्रामा एकैठाउँमा २५ सय/तीन हजारसम्मको भैँडीगोठ र गोठालाको दिनचर्या नियाल्न पाइन्छ ।" चार हजार मिटरमाथिसम्म विशाल क्षेत्रमा फैलिएका हरिया पाटन र खर्कले यो याममा बुकीको आकर्षण बढाउने गरेको छ ।

ढोरपाटन उपत्यका पनि अहिले रङ्गीचङ्गी भूइँफूलले सजिएको छ । चार/पाँच वर्षयता मनसुन याममा ढोरपाटन घुम्ने पर्यटकको सङ्ख्या बढेको छ । फेसबुक, टिकटकजस्ता सामाजिक सञ्जालले पनि ढोरपाटन र बुकी क्षेत्रको प्रचारप्रसारमा व्यापकता ल्याएको हो । विशेषगरी शरद र वसन्त ऋतुमा बढी पर्यटकीय गतिविधि हुने गरेकामा पछिल्लो समय मनसुन याममा पनि पदयात्रामा जाने क्रम बढ्नुले नेपाल पर्यटनका लागि हरेक मौसममा उपयुक्त छ भन्ने देखाएको छ । कास्कीको मादी गाउँपालिका-१ मा पर्ने कोरी पनि मनसुन पदयात्रा लागि रोजाइको गन्तव्य हो । पर्यटकीय गाउँ सिक्लेसबाट पदयात्रा सुरु गरी अन्नपूर्ण हिमालको काखमा रहेको कपुचे हिमताल हुँदै ३८ सय मिटरको कोरी लेक पुग्न सकिने सिक्लेसस्थित नमस्ते गेष्टहाउसका सञ्चालक झरना गुरुङले बताउनुभयो । "दुई दिनमा कोरीको पदयात्रा पूरा गर्न सकिन्छ, विशेषगरी मनसुन याममा यहाँ पर्यटकहरु घुम्न आउँछन्", उहाँले भन्नुभयो, "यो बेला फूल्ने थरीथरीका फूल, नजिकै देखिने हिमाली दृश्य र छिनछिनमा फेरिइरहने मौसम कोरी ट्रेकको आकर्षण हो ।"

**पर्यटक आगमनमा नयाँ रेकर्ड**

पोखराको वरपरमा पर्ने अन्नपूर्ण संरक्षण क्षेत्रमा गत आवमा अहिलेसम्मकै धेरै पर्यटक भित्रिनुले पनि यस क्षेत्रको पर्यटकीय सम्भावनालाई उजागर गरेको छ । सो अवधिमा पाँच लाख आठ हजार चार सय ७६ विदेशी पर्यटकले अन्नपूर्ण क्षेत्रको भ्रमण गरेका थिए । आव २०८१/८२ को तुलनामा गत आवमा झण्डै दोब्बर बढी पर्यटक आएको संरक्षण क्षेत्र आयोजनाका प्रमुख डा रविन कडरियाले बताउनुभयो । आव २०८१/८२ दुई लाख ७८ हजार एक सय १३ पर्यटक अन्नपूर्ण क्षेत्रमा भित्रिएका थिए । सबैभन्दा धेरै तीन लाख ७५ हजार सात सय ९७ भारतीय, दोस्रोमा चिनियाँ १२ हजार पाँच सय ३९ र तेस्रोमा अमेरिकाका नौ हजार आठ सय ८४ पर्यटक यस क्षेत्रमा आएका हुन् । एक सय ६९ देशका पर्यटक अन्नपूर्ण क्षेत्रमा भित्रिएको आयोजना कार्यालयको आँकडाले देखाएको छ । यसमध्ये दक्षिण एसियाली मुलुकका तीन लाख ८४ हजार एक सय ४५ र अन्य मुलुकका एक लाख २४ हजार तीन सय ३१ रहेका छन् । गत जेठमा भारतसहित दक्षिण एसियाली देशका पर्यटकको सङ्ख्या झण्डै तीन सय प्रतिशतले वृद्धि भएको थियो ।

भारतमा पोखरा, मुक्तिनाथलगायत यस क्षेत्रका गन्तव्यस्थलको पर्यटन प्रवर्द्धन हुनु, यातायातको सहजता, सामाजिक सञ्जालमार्फत भइरहेको प्रचारप्रसार आदि कारणले भारतीय पर्यटक बढेका हुन् । तीमध्ये अधिकांश गर्मी छल्न पोखरा आउने गर्छन् । पोखरा आएकामध्ये झण्डै ४० प्रतिशत मुक्तिनाथ दर्शनमा जाने गरेका छन् । पदयात्राका लागि विभिन्न गन्तव्यमा जाने अन्य मुलुकका पर्यटकले पनि केही समय पोखरामा बिताउने गरेका छन् ।

# कांग्रेसमा सबैलाई मिलाएर लैजानुपर्नेछ : सभापति थापा

**रासस**
काठमाडौं, ७ साउन

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले पार्टीमा चार पुस्ताका साथीहरू सँगसँगै रहेकाले आफूले सबैलाई मिलाएर लैजाने बताउनुभएको छ । कांग्रेसको केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानले ४४औँ बिपी स्मृति दिवसको अवसरमा आज यहाँ आयोजना गरेको कार्यक्रममा उहाँले मुलुकको पछिल्लो परिस्थितिअनुसार नयाँ चिन्तन र सोचलाई पनि आत्मसाथ गर्दै अघि बढ्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

पार्टीमा भित्र र बाहिर सरकारका निर्वाचनमा मात्र बढी केन्द्रित हुने प्रवृति बढेको उल्लेख गर्दै सभापति थापाले बिपीको आदर्श र त्यागबाट सिकेर निर्वाचन तथा राजनीतिसँगै परोपकार सेवा र कल्याणका कामका जोडिन नेताकार्यकर्तालाई आग्रह गर्नुभयो । उहाँले भन्नुभयो, "रिलबाट निस्केर रियल लाइफमा हेर्नुस्, अनिमात्र सर्वसाधारण जनताका आवाज सुनिनेछन् । दुःखमा कांग्रेसले साथ दिन्छ भन्ने सन्देश दिने गरी काममा लाग्नुस् ।" उहाँले तीन तहका सरकारमध्ये कांग्रेस प्रदेश र स्थानीय तहका सरकारमा रहेको उल्लेख गर्दै सङ्घीय सरकारमा मात्र प्रतिपक्षमा रहेको अवस्थामा आफ्नो क्षेत्रबाट जनजिविकाका सवालमा दत्तचित्त भएर अघि बढ्न आग्रह गर्नुभयो । सभापति थापाले आगामी भदौ २४ गते बिपी जन्मजयन्तीको अवसर पारेर पार्टीका प्रत्येक सदस्य र समितिललाई मुलुक र जनताका लागि कुनै न कुनै प्रतिज्ञा गर्न आग्रह गर्नुभयो ।

कार्यक्रममा उपभापति विश्वप्रकाश शर्माले बिपीका आदर्श, विचार र संस्कारलाई आत्मसाथ गर्न सबैलाई आजका दिनमा आफ्ना क्षेत्रमा शिक्षक बन्ने सङ्कल्प बन्ने प्रण गर्न आग्रह गर्नुभयो । उहाँले पछिल्लो समय मुलुकमा जलवायुका असरबाट ठुला विपद्का घट्ना बढ्दै गरेको बताउँदै न्यूनीकरणका लागि सबैले आफ्नो ठाउँबाट पहल गर्नुपर्ने र त्यसका लागि कांग्रेसले पनि पहल सुरु गरिसकेको बताउनुभयो । अर्का उपभापति पुष्पा भुसालले विशेष महाधिवेशनले पार्टी विधानलाई नयाँ ढङ्गले अघि बढाएको उल्लेख गर्दै विधानमा भएको राजनीतिक निर्वाचन ब्यूरो संयन्त्रले निर्वाचनका बेला देखिने समस्या समाधान गर्ने, समावेशी बनाउन थप सहयोग गर्ने र सबैको अपनत्व जगाउने बताउनुभयो । उहाँले आगामी स्थानीय तहको निर्वाचनमा प्रमुखमा महिला उम्मेदवार बनाउने र त्यसका लागि प्रशिक्षित गर्ने समेत बताउनुभयो । महामन्त्री प्रदीप पौडेलले जनताका समस्या कांग्रेसले आफ्नो एजेण्डाका रूपमा प्रस्तुत गर्ने वाचा गर्दै सिर्जनात्मक ढङ्गबाट पार्टीलाई अघि बढाउन खोजेको उल्लेख गर्नुभयो । उहाँले पार्टीमा प्रवेश गर्नका लागि कसैलाई कुनै पनि बन्देज नरहेको स्पष्ट पार्दै नयाँ विधानअनुसार ३५ वर्ष कम उमेरका २१ जनालाई केन्द्रीय समितिमा प्रतिनिधित्व गर्ने व्यवस्था समेत गरेको बताउनुभयो । महामन्त्री पौडेलले क्रियाशील सदस्यतालाई व्यवस्थित बनाउन अद्यावधिक गरिएको बताउँदै हालसम्म ८० प्रतिशतभन्दा बढीले अद्यावधिक गरिरहेको उल्लेख गर्नुभयो ।

अर्का पार्टी महामन्त्री गुरुराज घिमिरेले विशेष महाधिवेशनबाट नयाँ नेतृत्व आएपछि युगको आवश्यकताअनुसार नेतृत्व पूस्तान्तरण भएको र सबै निर्वाचन क्षेत्रमा पक्षपात नगरी निस्पक्ष रूपमा टिकट वितरण गरिएको जानकारी दिनुभयो । साथै पार्टीको साङ्गठिक सुदृढीकरण, सदस्यता व्यवस्थित गर्ने काम, अनुशिक्षण, प्रशिक्षणलगायत काम गरेको उहाँको भनाइ थियो । महामन्त्री घिमिरेले विशेष महाधिवेशनमार्फत कांग्रेसले ऊर्जाशील र जनभावनाअनुसारको नेतृत्व पाएर पार्टी थप जिवन्त भएको बताउनुभयो ।

कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले बिपीका विचार र आदर्शलाई सबैले आफ्नो चिन्तन र व्यवहारमा उतारेर अघि बढ्नुपर्ने बताउनुभयो । "बिपीको विचार र आदर्शलाई नयाँ चिन्तनको रूपमा नेतृत्वले बोकेर मुलुकभर अभियानका रूपमा लैजानुपर्छ", उहाँले भन्नुभयो, "इतिहासले हामीहरूलाई सदैव खबरदारी गरिरहेको हुन्छ, त्यसलाई हामीले महसुस गर्न सक्नुपर्छ ।"

प्रमुख वक्ताका रूपमा प्रा कृष्ण खनालले बिपीका बारेमा मन्तव्य दिँदै बिपी कांग्रेसमा मात्र सीमित नरही सिङ्गो राष्ट्रको पुँजिका रूपमा रहनुभएकाले उहाँलाई कांग्रेसले आफ्नो मात्र बनाए उहाँप्रति अन्याय हुने धारणा व्यक्त गर्नुभयो । प्रा खनालले भन्नुभयो, "बिपी आस्थाको प्रतिक हुनुहुन्छ । उहाँले आफ्नो जीवनमा अभ्यासको राजनीतिक खासै गर्न पाउनुभएन, अहिले हामीले अभ्यासको राजनीति गरिरहेका छौँ । यस्तो अवस्थामा हामीले कसरी बिपीलाई सम्झिन्छौँ, र उहाँको विचार कसरी लागु गर्छौं, त्यो विषय महत्त्वपूर्ण हो ।"

## एउटै व्यक्ति भएको सूचना

जिल्ला स्याङ्जा आँधिखोला गा.पा. वडा नं. ०५ निवासी भारतीय पेन्सनर नं 4344483A का HAB साधुराम शर्माको पेन्सन कार्डमा श्रीमतीको जन्ममिति वि.सं. २०१७/०९/०१ र नागरिकतामा जन्ममिति वि.सं. २०११/०१/०९ र पेन्सन कार्डमा Dharma kumari powrel र नेपाली नागरिकता प्रमाणपत्रमा Dharma kumari Padhya भई नामथर र जन्ममिति फरक परेको हुदाँ फरक फरक जन्ममिति र नामथर भएतापनि व्यक्ति एउटै हो भनी सम्बन्धित निकायमा सिफारिस गरिदिनुहन् भनी उक्त वडा कार्यालयको च.नं २३ मिति २०८३/०४/०६ को पत्रबाट लेखी आएको हुँदा सम्बन्धित निकायको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**जिल्ला प्रशासन कार्यालय, स्याङ्जा**

## एउटै व्यक्ति भएको सूचना



गण्डकी प्रदेश तनहुँ जिल्ला भानु न.पा.-१० निवासी भारतीय भु.पु.सै.नं. ५२४६०५९ X पल्टन २/३ जि.आर.का नायक सोम बहादुर तमाङको नागरिकतामा नाम थर सोम बहादुर तमाङ, जन्म मिति २०२६/०७/०५ भएको तर निजको पेन्सन पट्टामा नाम थर सोम बहादुर गुरुङ जन्म मिति २९ अक्टोवर १९७१ तनहुसार वि.सं. २०२८/०७/१२ भई नाम थर र जन्म मिति फरक परेता पनि व्यक्ति एकै भएको र निजको श्रीमती फुल माया तामाङको नागरिकतामा नाम थर फुल माया तामाङ र पेन्सन पट्टामा फुल माया गुरुङ भई नाम थर फरक परेता पनि व्यक्ति एकै भएको भनी श्री भानु न.पा.-१० को वडा कार्यालयको च.नं. ०१ मिति २०८३/०४/०१ गतेको पत्रबाट लेखी आएको हुँदा सम्बन्धित निकायको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**जिल्ला प्रशासन कार्यालय, तनहूँ**

## एउटै व्यक्ति भएको सूचना



**कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. १३ निवासी भारतीय भु.पु.सै.नं. ५७४७९८६ HAV. का देव कुमार गुरुङको श्रीमतीको नेपाली नागरिकता प्रमाण पत्र (ना.प्र.नं. ४६-०१-७४-०८९१७) मा नामथर विष्णु देवी गुरुङ, जन्म मिति वि.स. २०२०।०६।१२ तदानुसार ई.सं. १९६३ /०९/२८ भएको र पेन्सन अभिलेखमा नामथर-विष्णु देवी, जन्म मिति ई.सं. १९६३/०९/२९ उल्लेख भई फरक परेता पनि उल्लेखित फरक नामथर र जन्म मिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका १३ नं. वडा कार्यालयको च.न. ५०७४ मिति २०८३।०३।३१ को सिफारिस पत्रबाट लेखी आएको हुँदा सम्बन्धित निकायको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**जिल्ला प्रशासन कार्यालय, कास्की**